# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, कात्तिक २४ गते २०६० साल (संख्या ३०

## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचना १ को अनुसूची -१ को पूर्ण बन्देज लगाइएका वस्तुहरूको खण्ड (अ) को उपखण्ड (घ) को सट्टा खण्ड ४५, संख्या ४६, मिति २०५२।११।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सोही मन्त्रालयको सूचनाबाट कायम गरिएको उपखण्ड (घ) को सट्टा देहायको उपखण्ड (घ) राखी हेरफेर गरेको छ ।

"(घ) मूल्यवान् धातु (सुन, चाँदीसमेत)

तर अर्थ मन्त्रालयबाट समय-समयमा जारी हुने गुन्टा, झिटी, भारी आदेशमा परेकोमा सोहीबमोजिम हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ३३, मिति २०४६।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचना १ को अनुसूची-२ को खण्ड १ को उपखण्ड १.४ लाई खण्ड ५०, संख्या २८, मिति २०५७।७।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ बाट हेरफेर गरिएको सोही अनुसूचीको खण्ड १ को उपखण्ड १.४ को सट्टा देहायको उपखण्ड १.४ राखी हेरफेर गरेको छ।

"१.४ मूल्यवान् धातु

तर सुन चाँदीको सम्बन्धमा खण्ड ५०, संख्या १४, मिति २०५७।४।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित अर्थ मन्त्रालयको गुन्टा, झिटी, भारी आदेशमा परेको बाहेक अन्य सुन चाँदीको पैठारी वाणिज्य विभागबाट जारी भएको आयात इजाजतपत्रको आधारमा नेपाल राष्ट्र बैङ्क वा सो बैङ्कले तोकेको वाणिज्य बैङ्कले गर्न पाउनेछ।"

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०६०।७।४ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत श्री रामचन्द्र सापकोटाले घरायसी कारण देखाई आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०६०।७।१ देखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

आज्ञाले,
विश्वमंगल आत्रेय
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।